मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल गजेट

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ९ ] काठमाडौं, कार्तिक ६ गते २०१६ साल [ संख्या २७

श्री ५ को सरकार

### गृहमन्त्रालय

**श्री ५ महाराजाधिराजबाट २०१६ साल श्रावण ६ गतेका दिन नेपाल अधिराज्यको संसदमा बक्सेको शाहि सम्वोधन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।**

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य, प्रोज्ज्वल नेपालतारा, अतिओजस्वी, त्रिभुवन प्रजातन्त्रश्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रवल गोरखादक्षीणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्रीसंसदका सदस्यहरू,

हाम्रा पूज्य बुबाज्यू श्री ५ त्रिभुवनको प्रयत्नलाई साकार बनाउन सारा देशवासीहरूको सहयोगबाट हाम्रो इच्छानुसार मुलुकको इतिहासमा हालै संपन्न भएको सर्वप्रथम आम चुनाव पछि जनताका विश्वासी प्रतिनिधिहरूलाई राष्ट्र निर्माणको गौरवमय काममा आज यस ऐतिहासिक पहिलो संसदमा स्वागत गर्न पाउँदा हामीलाई आनन्द र संतोष लाग्नु स्वाभाविक छ।

सम्बत् २०१३ साल वैशाख २० गतेका दिन भएको घोषणानुसार लोक हितकारी राज्यको सृजना गर्ने हाम्रो दृढ इच्छा बमोजिम मुलुक यस लक्षतर्फ प्रगतिशील ढङ्गले बढ्दै गएको सबैले अनुभव गरेको हुनुपर्दछ।

सम्बत् २०१५ साल फाल्गुण १ गते रोज ४ का दिन घोषणा भएको नेपाल अधिराज्यको संविधानले यो देशको एकता, गौरव र समृद्धिको मजबूत जग आधारशिलाको रूपमा भविष्यको निमित्त जनताको सेवाको लागि उपयोगी सिद्ध होला भन्ने हाम्रो आशा छ। ऐन कानूनको आधारमा अब उपरान्त सबै काम हुने र कानूनको मर्यादाभित्र रही सबैले सामूहिक विकास गर्ने मौका संविधानबाट दिइएको छ।

जन आकांक्षालाई सकेसम्म सबै दिशामा शीघ्रतया कार्यान्वित गर्दै जाने मेरो सरकारले अठोट गरेको छ। यसै सिलसिलामा प्रशासन यन्त्रलाई दक्ष, सरल, कम खर्चिलो र छरितो बनाउने उद्देश्यले योग्यता र इमान्दारीको कदर गरी विभिन्न सेवाहरूको प्रारम्भिक [illegible] हुनेछ। जिल्ला प्रशासनमा आवश्यक सुधार गरिने छ। प्रशासन यन्त्रलाई प्रजातान्त्रिक प्रणाली र विचार अनुकूल सुधारको काम एकैवर्षभित्र पूरा होला भन्न सकिन्न तापनि पूरा कोशिश जारी रहने छ।

न्याय प्रशासनलाई पनि संविधान बमोजिम निष्पक्ष र स्वतन्त्र गराउन तथा जनतालाई सुलभ सुपथ तरीकाले न्याय पाउने प्रबन्ध तर्फ प्राथमिक कदमहरू शुरू भैसकेका छन्। माथि उल्लेख भएको अभिप्रायले संसदमा न्याय प्रशासन सम्बन्धी एक विधेयक प्रस्तुत गरिने छ। यसको अतिरिक्त नेपाल अधिराज्यभर एकै किसिमले कोर्ट फी को व्यवस्थाको निमित्त संसदको विचारार्थ विधेयक सरकारको तर्फबाट पेश गरिने छ।

हालै सरकारबाट स्वीकृत पुलिस सेवा सम्बन्धी नियमावलीबाट पुलिसतर्फको कुरामा सुव्यवस्था र पुलिस तथा जिल्ला प्रशासनका बीचमा राम्रो सम्बन्ध बस्न गई शान्ति सुरक्षा कायम गर्ने काममा संतोषजनक प्रगतिको आशा गरिन्छ।

भ्रष्टाचारलाई निर्मूल गर्न आवश्यक कदम उठाउने मेरो सरकारले विचार गरेको छ।

जेल सुधारतर्फ पनि मेरो सरकारको ध्यान गएको छ। धेरैवर्ष सजाय भुक्तान गरिसकेका, राम्रो चालचलन भएका र अशक्त रोगी तथा बूढाबूढी कैदीहरूलाई दण्ड सजाय माफ गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुक्त गरिदिने र बन्दीहरूलाई समयानुकूल शिक्षा दिई विभिन्न पेशामा तालीम दिलाई निज-हरूलाई असल नागरिक बनाई स्वावलम्बनबाट जीवन निर्वाह गर्नसक्ने गराउनालाई उचित व्यवस्था मेरो सरकारबाट हुने भएको छ ।

मुलुकमा भएको प्राकृतिक साधन तथा राष्ट्रिय धनजनको सदुपयोगबाट देशको आर्थिक विकास र उन्नति गर्नु मेरो सरकारले आफ्नो मुख्य कर्तव्य सम्झेको छ । देशवासीहरूको सुख संमृद्धि बढाउने काममा मेरो सरकार सदैव प्रयत्नशील रहने छ ।

२०१६।२०१७ सालको निमित्त आयव्ययको विवरण मेरो सरकारले प्रतिनिधिसभाको सामुन्ने पेश गर्नेछ । यसबाट मुलुकको आर्थिक अवस्था र मेरो सरकारले गर्न आंटेको विभिन्न कार्यक्रम संसदका सदस्यहरूलाई छर्लङ्ग हुनेछ ।

विगत तीनसालदेखि शुरू गरिएको पञ्चवर्षीय योजनालाई अहिलेसम्मको अनुभवबाट आवश्यक संशोधन र परिवर्तन गर्नालाई र तदनुरूप विकासको कार्यक्रम छिटो सञ्चालन र संपादनगर्ने विचारले योजनामण्डलको ठाउँमा एक योजना बोर्डको गठन गरिएको छ । बोर्डको सिफारिशलाई शीघ्रतया कार्यान्वित गर्न गराउन प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिमण्डलको आर्थिक समिति पनि गठन गरिएको छ । जनताको निमित्त हितकर देखिएको विकासको कार्य-क्रमलाई अझ तीव्र गतिले सञ्चालन गर्ने मेरो सरकारको नीति छ ।

हाम्रो यो कृषि प्रधान देशको उन्नति र विकास, उन्नत बीउको उत्पादन र प्रचार, पशु धनमा आवश्यक सुधार, स्याहार हेरविचार, हरसम्भव उपायबाट सिंचाईको प्रवन्ध एवम् कृषि शिक्षा, प्राविधिक तालीम र ज्ञानको व्यापक प्रचार र व्यवहारमा नै ज्यादा निर्भर गर्ने हुनाले यी सबै कु-रामा मेरो सरकारले विशेष ध्यान र जोड दिने निर्णय गरेको छ । पहाड र तराई, ठाउँ ठाउँमा नर्सरी , फलफूल बारी, नस्ल सुधारकेन्द्र, वीज वितरण केन्द्र, आदि ठाउँ ठाउँमा खोल्ने योजना छ । पूर्व पहाडमा भैंसीको नस्ल सुधार गर्ने परीक्षण केन्द्र खुल्नेछ । काठमाडौं उपत्यका र राप्ती-मा गाईको नस्ल सुधारको काम चालू छ । दुग्धशाला विकास कमिशन मातहत ठाउँ ठाउँमा प्रशंसनीय काम भैरहेको छ । केही वर्षदेखि निर्माण गर्न शुरू भएको महादेव खोला, टीका भैरव, विजयपुर , फेवाताल, झांझ, सिर्सिया, दुधौरा, तिलावेको सिंचाई योजनाहरू यो साल पूरा गराउने लक्ष छ । यी योजनाहरू बाट ६३००० एकड भूमि सिंचाई हुने अनुमान छ । यसै आर्थिक साल भित्र बुटौलमा तिनाउ, रौतहटमा मनुस्मारा नदीमा, नेपालगञ्जमा डुग्डुवा नदीमा, महोत्तरी सर्लाहीमा हर्दिनाथ र कमला नदीमा सिंचाई योजनाहरूको काम शुरू गरिनेछ । यो वाहेक पडाड र तराईका अरू केही भागमा थप सिंचाई योजना कार्यान्वित गर्ने मेरो सरकारको विचार छ । उपरोक्त आयोजनाहरूबाट करीव एकलाख एकड भूमि पटाउने अनुमान गरिएकोछ । यस आर्थिक वर्ष भित्रमा देशका विभिन्न इलाकामा कलधारा, इनार, कुवा, हाते पम्पद्वारा पिउने पानीको व्यवस्था गर्ने गराउने मेरो सरकारले निश्चय गरेको छ । पोहर साल १९ ठाउँमा ग्राम विकास केन्द्र खुलेकोमा यस आर्थिक वर्ष भित्र ३० ठाउँमा केन्द्र खोल्ने लक्ष मेरो सरकारले लिएको छ । अरू ६ स्थानमा विशेष विकास र तीन ठाउँमा बहुमुखी विकास कार्य हुने योजना छ ।

७७७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानीय सुधार कार्य अन्तर्गत हरेक जिल्लामा पिउने पानी, सानातिना सिंचाई, बाटो पुल, पाठशाला पुस्तकालय, औषधालयहरू स्थापना गर्ने गराउने र भैरहेकालाई सहायता दिने कार्यक्रम चालू भैरहेको छ। यो कार्यक्रमको निमित्त आर्थिक निकासालाई डबल गर्ने तथा स्थानीय जनताको सहयोगको भावनालाई अझ बढाई बढी सहयोग प्राप्त गर्न जिल्ला विकास बोर्ड लाई प्रभावशाली र गतिशील बनाउने विचार छ। यस्ता बोर्डलाई बढी अधिकार प्रदान गरिनेछ। यस भन्दा बढी हरेक जिल्लालाई स्थानीय सुधारको कामको निमित्त एक एक लाख थप सहायता पनि प्रदान गरिने भएकोछ।

हरियो वन नेपालको धन भन्ने पुरानो आहान छ। यो राष्ट्रिय धनको सुरक्षा र विचार पूर्वक यसको सदुपयोग गर्नु मेरो सरकारको काम हुनेछ। राष्ट्रको हितलाई ध्यानमा राखी यसै सालको शुरूमा वन प्रशासन व्यवस्थाको समुचित सुव्यवस्थाको लागि पुनर्गठन गरी नयाँ योजनालाई कार्यान्वित गरिएको छ। यसबाट वन व्यवस्थाको कामको वैज्ञानिक ढङ्गबाट प्रगति हुने र मुलुकको आमदानीमा वृद्धि हुने अनुमान मात्र होइन आशा पनि गर्न सकिन्छ। वन उद्योगलाई लाभप्रद तरीकाले सुसंगठित ढङ्गबाट चलाउने पनि योजना छ।

देशमा राजमार्ग बनाउने काममा संतोषजनक गतिशीलता ल्याउने मेरो सरकारले निश्चय गरेको छ। यातायात र संचारको साधनलाई सकेसम्म व्यापक गराउंदै लैजान पर्ने कुरा निश्चित छ। रक्सौलदेखि भैंसेको राजमार्ग र त्रिशूलीको सडक यसै साल निर्माण हुनेछ। सुनौली र पोखरा जोड्ने सडक बुटौलसम्म पक्की किसिमसंग तयार हुने र कठीन पहाडी इलाकालाई छोडी जीप चल्न सक्ने गोरेटो तयार हुने अनुमान छ। कृष्णनगर-प्यूठान, धरान-धनकुटा र धनगढी-डडेल्धुरा, दैलेख-सुर्खेतको सडकहरूको पनि केही भाग तयार हुने र बाँकी ठाउँमा जीप जान सक्ने सडक बन्ने आशा मेरो सरकारले गरेको छ। नेपाल अधिराज्यको पूर्व र पश्चिम इलाकालाई जोड्न निर्माण गर्ने भएको राजमार्गको निमित्त समुचित सर्वेक्षण यसैपाली शुरू हुनेछ।

मुलुकको विभिन्न इलाकामा अन्ठाउन्न वटा आकाशवाणी स्टेशनहरू जडान गर्ने काम यसैपाली थालिने छ। यो काम दुई वर्षसम्ममा पूरा हुनेछ। यो व्यवस्था पूरा भएपछि संचारको काम सुचारु ढङ्गबाट व्यापक हुने स्वयंसिद्ध छ। यसको अलावा मुलुकको सीधा सम्बन्ध मुलुक बाहिरका देशहरूसित हुनेछ। हाल भैरहेको टेलिफोन व्यवस्थामा पनि निकै ठूलो सुधार हुनेछ। हुलाक व्यवस्थालाई बिस्तार गर्दै लाने सरकारी योजनानुसार यो वर्ष सैंतिस ठाउँमा नयाँ हुलाक अफिस खुल्ने छ। हवाई यातायातलाई व्यापक गर्ने र यसलाई आधुनिक सरसामानले सुसज्जित गर्ने एवम् सुसज्जित हवाई ग्राउण्ड बनाउन लगाउने दिशातर्फ सरकारको ध्यान गएको छ। राष्ट्रिय हवाई सेवाको पनि स्थापना हुन लागेको छ।

काठमाडौं र हेटौंडाको रोपको नयाँ व्यवस्था यसै वर्ष शुरू भई दुइ वर्षमा यो काम पूरा हुनेछ।

साना उद्योगधन्धालाई बढाउने र संभव देखिएका केही ठूला उद्योगधन्धा पनि खडा गर्न मेरो सरकारले विशेष ध्यान दिनेछ। मित्र देशहरूबाट सहायताको रूपमा प्राप्त हुने सिमेण्ट

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारखाना, कागज कारखाना, चुरोट फ्याक्टरी, चिनी मील र काठ चिर्ने कारखानाहरू स्थापना गर्न यसै वर्ष काम शुरू गर्ने गराउने मेरो सरकारको लक्ष छ।

उद्योग धन्धालाई आर्थिक सहायता र प्राविधिक सल्लाह दिन उद्योग विकास कर्पोरेशनको व्यवस्था भैसकेको छ। उद्योग सम्बन्धी सर्वेक्षण र घरेलु तथा साना उद्योगमा तालीम दिने काम चालू नै छ। व्यक्तिगत र देश बाहिरका पूंजीलाई पनि उचित स्थान हाम्रो औद्योगिक नीतिमा दिइएको छ। कम्पनी कानूनमा समयानुकूल परिवर्तन गर्न विधेयक यसै संसदमा पेश हुनेछ। यसमा मजदूरहरूको हितको पूरा व्यवस्था हुनेछ। भारतसंगको व्यापार सन्धिलाई हाम्रो राष्ट्र-हितको ख्यालबाट परिवर्तन गर्न र अरू मित्र राष्ट्रहरू सित पनि व्यापार सन्धि गरी देशको व्यापारलाई बढाउन मेरो सरकारले चाहिने कदम उठाउने छ।

देशमा भएको अपार जलशक्तिलाई देशवासीहरूको भलाईको काममा प्रयोग गर्ने मेरो सरकारको दृढ इच्छा छ। यसै सिलसिलामा कमसेकम एउटा पावर हाउसको निर्माणको काम यसै वर्ष तीव्रगतिले गराउने मेरो सरकारले निर्णय गरेको छ। त्रिशूली र पनौतीको विद्युत योजना-लाई पनि सकेसम्म चाँडो जनसेवाको लागि कार्यान्वित गराउने काम हुनेछ।

स्वास्थ्योपचारको लागि पांचवटा पचास बेडका अस्पताल रहने भएकोमा विराटनगरकोर वीरगञ्जको अस्पताल यसै साल चालू गरिने छ। डिस्पेन्सरी नरहेका जिल्लामा डाक्टर सहितको स्वास्थ्य केन्द्रहरू सकेसम्म चाँडो र आयुर्वेदीय औषधालयहरू पनि बढी संख्यामा खोल्ने सर-कारको नीति छ। भर मुलुकमा करीब चारहजार ठाउँमा साधारण औषधीका बाकस राखिने व्यवस्था छ। वर्तमान स्वास्थ्योपचार सेवामा आवश्यक सुधारको लागि प्रयत्न जारी नै छ। औलो निर्मूल गर्ने आठ वर्षे योजना यसै साल चालू गर्ने भएको छ। ग्रामविकास क्षेत्रहरूमा स्वास्थ्य सेवा केन्द्र र शिशु कल्याण केन्द्रहरू पनि स्थापना गरिने भएको छ। भएका अस्पताल र औषधा-लयहरूको सुधार गरी सुव्यवस्था गर्ने प्रवन्ध हुनेछ।

प्रजातन्त्रको मूल आधार ग्रामपञ्चायत र नगरपालिकालाई सकेसम्म विकास गर्ने नीति मेरो सरकारले अपनाएको छ। यसै वर्ष पोखरा, इलाम, भोजपुर, धनकुटा, बुटौल, राजविराज, धरान, जनकपुर र नेपालगञ्जमा नगरपालिकाको व्यवस्था गर्ने लक्ष राखिएको छ। गाउँ पञ्चायतहरू विस्तृतरूपले फैलाउँदै लाने व्यवस्था छ।

दशवर्ष भित्र प्राथमिक शिक्षा अनिवार्य गर्ने हाम्रो घोषणालाई कार्यान्वित गर्न सरकार सचेष्ट छ। माध्यमिक, उच्च र प्राविधिक शिक्षा तालीम तर्फ पनि सरकारको विशेष ध्यान आकृष्ट छ। शिक्षक तालीम कार्यक्रम बमोजिम प्रतिवर्ष ५०० शिक्षक तालीम हुन्छन्। हरेक पोलिंग बूथ पिच्छे कमसेकम एक प्राथमिक स्कूल खोल्ने र उचित संख्यामा माध्यमिक र बहुमुखी स्कूलको

५५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थापना गर्दैजाने मेरो सरकारको नीति छ । श्रीत्रिभुवन विश्वविद्यालयको स्थापना गर्ने काममा उचित कदम उठाइसकेको छ । गैर सरकारी शिक्षण संस्था, स्कूल कालेजहरूलाई उचित आर्थिक सहायता दिने काम यो सालदेखि चालू हुनेछ ।

शिक्षा तालीम आदिमा पछि परेका इलाका, जाति तथा महिलावर्गको उत्थान र विकासको निमित्त पनि मेरो सरकारले समयानुसार उचित व्यवस्था मिलाउने छ ।

विशेषज्ञहरूको राय सल्लाह समेत प्राप्त गरी बिर्ता व्यवस्थाको उन्मूलन गर्ने मेरो सरकारको नीति भएकोले बिर्ता उन्मूलन विधेयक संसदको सामुन्ने प्रस्तुत गरिने छ । राज्य रजौटा प्रथालाई उन्मूलन गर्ने विधेयक पनि संसदमा पेश हुने छ । किसानको हितका लागि बनेका ऐन नियमहरूलाई मेरो सरकारले दृढतासाथ लागू गर्ने गराउने छ । भूमिसुधार सकेसम्म बढी जनसंख्यालाई फाइदा होस् भन्ने अभिप्रायले हुने छ । भूमिसुधारको समस्यामा मेरो सरकारले विशेष अभिरुचि लिई ध्यान दिनेछ । भूमिको अधिकतम सीमा निर्धारित गर्ने, बढी भूमिको पुर्नवितरण गर्ने र जमिंदारी उन्मूलन गर्ने कामतिर पनि मेरो सरकारको दृष्टि जानेछ ।

शाही सेनाले गरेको सेवाको हामी कदर गर्दछौं । अहिलेको निर्माण युगमा राष्ट्रोन्नतिका लागि सेनाले गरेका – कान्ति राजपथ जस्तै– कामहरू प्रशंसनीय छन् । अरू प्रकारका निर्माण कार्यहरूमा पनि शाही सेनाको सहयोग लिने प्रयत्न गरिने छ ।

हाम्रो विकासको कार्यक्रममा चाख लिने, सहायता र राम्रो सल्लाह दिने सबै मित्रराष्ट्रहरू प्रति हाम्रो कृतज्ञता प्रकट गर्न पाउँदा हामीलाई संतोष लागेको छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो मित्रताको सम्बन्ध बढ्दै गएको छ । यसलाई अझ बलियो गर्न र बढाउंदै लाने मेरो सरकारको कोशिश रहने छ । कुनै गूटबन्दीमा नलागी तटस्थ परराष्ट्र नीति मेरो सरकारले अपनाइ आएको छ । यही नीतिको अनुसरण गरी सबै राष्ट्रहरूसंग दोस्ती र सद्भावना कायम गर्ने र शान्ति एवं मित्रताको क्षेत्रलाई बढाउंदै लाने मेरो सरकारको नीति हो । मित्रता बढाउने नीति अनुसार विभिन्न राष्ट्रहरूसंग दौत्य सम्बन्ध कायम गर्ने र दूतावास खोल्दै लाने पनि मेरो सरकारको इरादा छ । छिमेकी राष्ट्रहरूसंगको मैत्री सम्बन्धलाई अझै सुदृढ गर्ने प्रयास हुनेछ । राष्ट्रसंघमा पनि यही नीति बमोजिम हाम्रो प्रतिनिधिले काम गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशको सर्वतोमुखी विकास र संवैधानिक संसदीय प्रणालीको सफलता निमित्त सबै देशवासीहरू र खासगरेर संसदका सदस्यहरूले भरमगदूर प्रयत्न निरन्तर जारी नै राख्नेछन् भन्ने हाम्रो आशा र विश्वास छ । देशलाई अघि बढाउने , जनताको जीवनलाई संमृद्धिशाली बनाउने काममा मेरो सरकारलाई सबैले सहयोग गरून् भन्ने हाम्रो इच्छा छ श्रीपशुपतिनाथले सबैलाई सद् मार्गमा हिंडाउन् र देश सेवामा संलग्न हुन बल वुद्धि प्रदान गरून्

—जय नेपाल

**संसद् भवन,**

संवत् २०१६ श्रावण ६ गते रोज ६

**आज्ञाले–**
प्रेमनरसिंह प्रधान
श्री ५ को सरकारका सचिव
गृहमन्त्रालय

मुद्रण विभाग, सिंहदरबार

२६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।